पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको अध्यक्षमा लामा। पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेलः
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१५, ● अंक-०६ ● २०७९ भाद्र ०६ गते सोमबार, ● 22 Aug. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## ऋषेश्वर ११ लाई घैटो फुटाइ प्रतियोगितको उपाधि




◆ विकास संवाददाता

कृष्णाष्टमीको अवसरमा मकवानपुर थाहा नगरपालिकाको शिखरकोट भएको २२ औं घैटो फुटाउने प्रतियोगितामा ऋषेश्वर ११ प्रथम भएको छ। ऋषेश्वर ११ ले प्रथम भएसंगै नगद २० हजार पुरस्कार प्राप्त गरेको छ। प्रतियोगिता वि.सं. २०५४ सालदेखि शुरू भएकोमा गएको दुईवर्ष कोभिड-१९ को संक्रमण जोखिमका कारण स्थगित भएको थियो।

शिखर क्लब तथा बजार व्यवस्थापन समितिको आयेजनामा भएको प्रतियोगितामा द्वितीय र तृतीय स्थान भने थाहानगर अटो समूहले हात पारेको छ। उक्त समुहहरूले क्रमशः १३ हजार र ७ हजार रूपियाँ पुरस्कार पाएको छ। कृष्ण जात्राको अवसरमा भएको घैटो फुटाइ प्रतियोगिताको माझ वृहत साँस्कृतिक कार्यक्रम, श्रीकृष्णको रथयात्रा, बजागाजाको साथमा लाखेनाच समेत भएको थियो।

वि.सं. २०५४ सालबाट निरन्तर रूपमा आयोजना हुँदै आइरहेको घैटो फुटाउने जात्रा (प्रतियोगिता) को प्रथम पुरस्कार थाहा नगरका युवा उद्यमी तथा समाजसेवी रामराजा केसीले प्रायोजन गर्दै आएका छन्। उनले यसवर्षको प्रथम नगद पुरस्कार २० हजार पनि प्रायोजन गरे। उनले प्रथम पुरस्कार वर्षैपिच्छे आफै दिने प्रतिवद्धता पनि जनाएका छन्।

केसी जुनसुकै कार्यक्रममा पनि आर्थिक तथा नैतिक सहयोग गर्न पछि नहट्ने स्वाभाव भएको व्यक्तीको रूपमा परिचित भएको शिखरकोट बजार व्यवस्थापन समितिका सल्लाहकार यादवजंग रायमाझी बताउँछन। त्यस्तै दोश्रो पुरस्कार १३ हजारको लागि देवदर्शन मिठाई तथा निष्ठा डेरीका संचालक निकेशराज ढकाल टुप्पिबाजे तथा तेश्रो पुरस्कारको लागि बिश्वकर्मा ट्रेडर्सका रोहन कुमार सिंहले नगद ७ हजार प्रायोजन गरेका थिए।

# थाहानगरका ८५ प्रतिशत प्रतिनिधिलाई आयोगले स्पष्टिकरण सोध्यो

विकास संवाददाता
थाहानगर

स्थानीय तह निर्वाचनमा उमेद्वार भएका मकवानपुरको थाहा नगरपालिकाका ८५ प्रतिशत उमेद्वार लाई निर्वाचन आयोगको स्पष्टिकरण सोधेको छ। निर्वचित जनप्रतिनीधि र पारजित भएका उमेद्वारहरूले स्थानीय तह निर्वाचनमा लागेको खर्चको बिल भर पाइसहित आयोगमा विवरण नबुझाएकोले उनीहरूलाई आयोगको स्पष्टिकरण सोधेको हो।

खर्च विवरण नबुझाउने थाहा नगरपालिकाका २ सय ४ जना उमेद्वारलाई स्पष्टिकरण सोधेको हो। स्पष्टिकरणमा पर्नेहरू मध्ये १ सय ५८ जना अर्थात ६५.८३३ प्रतिशत विवरण नबुझाउने र ४६ जना अर्थात १९.१६६ प्रतिशत उमेद्वार तोकिएको समय भन्दा पछि विलम्ब गरी विवरण बुझाउने रहेका छन्। उनीहरूलाई तोकिएको समयभित्र के कति कारणले खर्च विवरण बुझाउन नसकिएको हो भनी आयोगले १ भाद्रमा स्पष्टिकरण सोधेको छ। थाहानगरमा स्थानीय तह सदस्य निर्वाचन २०७९ मा कुल २ सय ४० जनाले उमेद्वारी दिएका थिए।

यसरी स्पष्टिकरणमा पर्नेहरूमा थाहा नगरपालिका वडा नम्बर ६ को सबैभन्दा बढि २३ जना उमेद्वार रहेका छन्। थाहानगर प्रमुख पदमा उमेद्वारी दिएका ६ जना मध्ये निर्वाचित नगर प्रमुख विष्णु विष्ट, पराजित भएका शुभराज गोले र विर बहादुर भोम्जनले खर्च विवरण पेश गरेका छन् भने राजकुमार गोलेले विलम्ब गरी विवरण बुझाएका छन्। त्यस्तै अच्युतम प्रसाद ढकाल र बसुन्धरा पुडासैनीले खर्च विवरण निर्वाचन आयोगमा बुझाएका छैनन्।

थाहानगर उपप्रमुख पदका उमेद्वार हरूमा निर्वाचित उपप्रमुख भरत गोपालीले खर्चको विवरण बुझाएका छन् भने कल्पना बलामी र नविन रायमाझीले निर्वाचनको खर्च विवरण कानून अनुसार बुझाएका छैनन्।

यसरी खर्च विवरण नबुझाई स्पष्टिकरणमा पर्नेमा २० जना उमेद्वारी दर्ता भएको वडा नम्बर १ मा सबैजना स्पष्टिकरणमा परेका छन्। वडा नम्बर २ मा २४ उमेद्वार मध्ये २२ जना, वडा नम्बर ३ मा १९ उमेद्वारमा १५ जना, वडा नम्बर ४ मा १७ उमेद्वार मा १६ जना, वडा नम्बर ५ मा १४ जना उमेद्वारमा सबैजना, वडा नम्बर ६ मा २३ उमेद्वार रहेकोमा सबैजना निर्वाचन आयोगको स्पष्टिकरणमा परेका छन्।

त्यस्तै वडा नम्बर ७ मा २० जना उमेद्वार रहेकोमा १८ जना, वडा नम्बर ८ मा २३ उमेद्वारमा १८ जना, वडा नम्बर ९ मा २१ उमेद्वारमा २० जना, वडा नम्बर १० मा १५ जना उमेद्वारमा ११ जना, वडा नम्बर ११ मा २५ जना उमेद्वारमा १७ र वडा नम्बर १२ मा १० जनामा ५ जना उमेद्वार निर्वाचन आयोगको स्पष्टिकरणमा परेका छन्। नगरपालिकामा कुल २ सय ४० उमेद्वार रहेकोमा जम्मा ३६ जना उमेद्वारले मात्र निर्वाचनको खर्चको विवरण निर्वाचन आयोगमा बुझाएका हुन्।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ बमोजिम राजनीतिकदल वा उमेद्वारले निर्वाचनको अन्तिम मतपरिणाम प्रकाशित भएको ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भर पाइसहित आयोगले तोकेको कार्यालयमा विवरण पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उमेद्वारले मतपरिणाम घोषणा भएको ३० दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ नियम ४० बमोजिम उमेदवार वा निजको प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको खर्चको विवरण तोकिएको ढाँचामा मतपरिणाम घोषणा भएको ३० दिनभित्र प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानुनी व्यवस्था छ।

कानुन अनुसार खर्च विवरण नबुझाउने उमेद्वारहरूको स्थानीय तह अनुसार निर्वाचन आयोगले १ भाद्रमा नामावली वेभसाइटमा प्रकाशन गरेको छ।

खर्च विवरण नबुझाउनेहरूलाई निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को उपदफा (४) बमोजिम सफाइसहित ७ स्पष्टिकरण ७ दिनभित्र निर्वाचन कार्यालय वा निर्वाचन आयोगमा पेश गर्न सार्वजनिक सूचना गरिएको छ। सूचना अनुसार पालिकाका सबै उमेद्वारले यहि भाद्र ७ गतेभित्र जिल्ला निर्वाचन कार्यालय मकवानपुर वा प्रदेश निर्वाचन कार्यालय हेटौंडामा गई लिखित स्पष्टिकरण दिनूपर्नेछ।



*स्थानीय तह निर्वाचन नियमावली, २०७३ नियम ४० बमोजिम उमेदवार वा निजको प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको खर्चको विवरण तोकिएको ढाँचामा मतपरिणाम घोषणा भएको ३० दिनभित्र प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानुनी व्यवस्था छ।*



# • सम्पादकीय •

## लागूऔषध नियन्त्रण गर

लागुऔषध कारोबार अपराधिक क्रियाकलाप हो । लागूऔषध कारोवारीहरुले सडकमार्ग मात्र होइन हवाईमार्ग समेत प्रयोग गर्ने गरेको देखिएको छ । यसैसाता बाँकेमा विमानस्थलबाटै ठूलो मात्रामा ब्राउनसुगरसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ । नेपालगञ्जमा विमानस्थलबाट लागूऔषध ओसार पसार गर्नेहरु समातिएको यो पहिलोपटक भने होइन । लागूऔषध ओसारपसारमा संलग्नहरुलाई प्रहरीले नियन्त्रणमा लिने गरेको सुनिए पनि लागूऔषध कारोवारमा भने कमी भएको देखिँदैन । तथ्यांकहरुले लागूऔषध प्रयोगकर्ताहरु बढ्दै गएको देखाउँछन् । नेपाल लागूऔषध प्रयोगकर्ता सर्वेक्षण २०७६ का अनुसार नेपालमा एक लाख २१ हजार छ सय ९२ पुरुष र आठ हजार सात सय ३२ महिला गरी एक लाख ३० हजार चार सय २४ जना लागूऔषध प्रयोगकर्ता रहेका छन् । यसअघि २०६९ मा गरिएको सर्वेक्षणमा ९१ हजार पाँच सय ३४ जना प्रयोगकर्ता थिए । २०७६ को सर्वेक्षण प्रतिवेदनअनुसार लागूऔषध प्रयोगकर्ताको वार्षिक बृद्धिदर ५.०६ प्रतिशत रहेको छ । अध्ययनले २० देखि ३५ वर्ष उमेर समूहका युवा सबैभन्दा धेरै लागूऔषध प्रयोगकर्ता रहेको देखाएको छ ।

सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागूपदार्थ भनिन्छ । यस्ता पदार्थले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाइमा परिवर्तन ल्याउँछ । विश्व स्वास्थ्य संगठनले लागूपदार्थलाई स्वस्थ शरीरको लागि प्रयोग गर्न आवश्यक नभएको पदार्थ भनि परिभाषित गरेको छ । लागूऔषध प्रयोगकर्ताहरुमा एच.आइ.भी./एड्स, हेपाटाइटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने, तौल घट्ने, शरीर दुब्लाउने, खानामा रूचि नहुने, ओभरडोज भएर मृत्यु समेत हुने गरेको छ । त्यस्तै उनीहरुमा एकोहोरोपन, फ्रस्ट्रेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको सिर्जना, आत्महत्या गर्न प्रेरित हुनेजस्ता मानसिक समस्या समेत देखिने गरेका छन् । कुनै पनि व्यक्ति लागूऔषधको लतमा पर्दा ऊ व्यक्ति मात्र प्रभावित हुँदैन उसको परिवारसमेत प्रभावित बनेको हुन्छ । पारिवारिक तथा सामाजिक प्रतिकूलताहरु थपिँदै जान्छन् । नेपालमा लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरणलाई नियन्त्रण गर्न तथा लागूऔषध अपराधको प्रभावकारी अनुसन्धान गर्नका लागि नेपाल प्रहरीभित्र लागूऔषध नियन्त्रण व्यूरो छ । त्यस्तै ऐन कानुनमा गाँजा, अफिम, हिरोइन, मर्फिन, कोकिन आदि कानुनद्वारा निषेधित अवैध लागूऔषध हो भने सुर्तीजन्य पदार्थ र मदिरा कानुनद्वारा नियन्त्रित लागूपदार्थ हो । वि.सं. २०३३ सालभन्दा अगाडि नेपालमा गाँजाजन्य पदार्थहरू खुलारुपमा बिक्री वितरण हुने गर्दथ्यो ।

लागूऔषध नियन्त्रण ऐन, २०३३ कार्यान्वयनमा आएपछि लागूऔषधलाई कानुनतः प्रतिबन्ध लगाइएको हो । संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्ले सन् १९६१ मा सिंगल कन्भेन्सन अन नारकोटिक ड्रग्स लागु गरेपछि विश्वस्तरबाट नै यसको नियन्त्रणमा काम गर्न थालिएको हो । यसरी राष्ट्रिय अन्तर्राष्ट्रियस्तरबाट लागूऔषध नियन्त्रणको पहल थालिनु सुखद भए पनि लागूऔषध नियन्त्रण हुनुको साटो भुसको आगोझैं भित्रभित्रै सल्किँदै जानु भने चिन्ताजनक विषय हो । लागूऔषध नियन्त्रण गर्न प्रहरी तदारुकता बढाउनुका साथै लागूऔषधका बारेमा पर्याप्त सचेतना, कानुनी ज्ञान व्यापक बनाउनु जरुरी छ । विद्यालय तहदेखि विद्यार्थी अभिभावकलाई समेत यस्तो सचेतना कार्यक्रममा समेट्न सके यसले केही सकारात्मक परिणाम ल्याउन सक्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विकासमा उपभोक्ताको सहभागिता अपरिहार्य



सीता ढुंगाना

> संघीय शासन प्रणाली र विकासमा विकेन्द्रीकरणको सिद्धान्तले विकास कार्यमा नागरिकलाई प्रत्यक्ष सहभागी गराउन संवैधानिक र कानूनी प्रक्रिया बनेका छन् यसरी विकासमा नागरिकको भुमिका कानुनबाटै सुनिश्चित भएको विषयलाई जनतालाई सुसुचित गराउन जरुरी हुन्छ । राज्यले उपभोक्ताको क्षमता बृद्धिमा ध्यान दिन सके जनताले आफ्नो ठाँउमा हुने विकासलाई विकासलाई आफ्नो सम्पती ठान्दछन् र सरकारी बजेटको सदुपयोगको साथै दिगो विकासको सुनिश्चिता हुन सक्दछ ।

नेपालमा फरक फरक भुगोलमा फरक जातीधर्म र वर्गको मानिसहरू बसोबास गर्छन् । जहाँका मानिस जुन अवस्थामा छन् मौजुदा परिस्थितीबाट माथि उठेको अवस्था नै विकास भएको अवस्थाहो । हामीले विकास भन्नाले यसका ५ क्षेत्रलाई बुझ्नु पर्दछ, ति हुन आर्थिक विकास, सामाजिक विकास, भौतिक पुर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र संस्थागत सुशासन ।

वार्षिक बजेट विनियोजन मा पनि समानुपातिक तरिकाले विकासका यिनै ५ क्षेत्रमा योजना बन्नु पर्दछ । यस्ता विकासको योजना बनाउदा होस या आवश्यत्ताको पहिचान गर्दा होस, सोहि योजना सम्पन्न पश्चात सोको लाभ प्राप्त गर्ने लाभ ग्राहि अर्थात उपभोक्ताद्धारा योजना छनौट हुनु पर्दछ । स्थानीय सर कार संचालन ऐन २०७४ र स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहको योजना प्रक्रियाको सुरूवात नै बस्ती स्तरमा जनताबाट योजना माग गरेर योजनाको शिषक छनौट गर्ने भनेको छ अब यस प्रक्रियालाई कार्यन्वयनको चरण सम्म जनता सग प्रत्यक्ष जोडिने बनाउनु पर्दछ ।

नेपालमा प्रजातन्त्रको स्थापना सगैं समाबेशी तथा सहभागिता मुलक योजना कार्यन्वयनको अवधारणा आएको हो हाल आएर यसलाई स्थानीय स्वायत्त शासन र संघियताले उपभोक्ताको सहभागीता सहितको विकास तर्जुमा र कार्यन्वयनलाई थप प्रशय दिएको छ । मनमोहन अधिकारी यो देशको प्रधान मन्त्रि हुँदा सुरू गरेको आफ्नो गाँउ आफै बनाउँ कार्यक्रम देखि हाल सम्म आइपुग्दा स्थानीय विकासको लागि स्थानीय तहहरूमा ठुलो बजेट सघं र प्रदेश सरकारको तर्फबाट वित्तिय समानिकरण तथा विशेष अनुदानको रूपमा जान्छ ।

साथै स्थानीय तहहरूमा आफ्नै पनि थुप्रै आम्दानीको स्रोतहरू जुट्ने गरेको छ । यसरी यी र यस्ता बजेटहरूको लागि योजनापहिचान, छनौट र बजेट बाँडफाड गर्दा उपभोक्ताको आवश्यत्ता र माग बमोजि गरिनुपर्ने व्यवस्था स्थानिय कानुनहरूमा उल्लेख छ ।

विकासको लोकतान्त्रीकरण गर्ने माध्यम नै विकासमा जनसहभागीता हो । स्थानीय नागरिक स्वयं आफ्ना समस्या र आवश्यत्ता पहिचान गर्दै विकास लाई छिटो, टिकाउ र कम खर्चिलो बनाउन विकासमा उपभोक्ताको जनसहभागिता अपरिहार्य छ । जतिपनि योजनाहरूलाई उपभोक्ताका आवश्यत्ता र उपस्थितीमा सम्पन्न गराउन सकिन्छ उति नै विकासलाई जनताको अधिकारको रूपमा स्थापित गराउन सकिन्छ ।

स्थानीय सरकारको पहिलो कार्यकालमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा बेनामी उजुरीहरूको खात लाग्यो किनकी उपभोक्ताले स्थानीय तहमा हुने कतिपय योजनाको तर्जुमा तथा कार्यन्वयनमा सहभागी हुन पाएनन् आफ्नो अउपस्थितीमा सम्पन्न योजनामा जनताको शंका बढ्नु स्वभाविक हो ।

सबैभन्दा ठुलो अदालत र प्रशासन भनेको जनता हो त्यस्तै विकासका क्रियाकलापहरूलाई थप बैधता दिन वा प्रमाणिकरण गर्न पनि जुन कुनै योजनामा उपभोक्तालाई प्रत्यक्ष सहभागी गराउन जरूरी हुन्छ । उपभोक्ताको सहभागिता मुलक विकास मोडलले भएका विकास संरचनामा जन अपनत्वको भावना सृजित हुन्छ र विकासको उपभोग सँगसगैं सम्पन्न योजनाको संरक्षण पनि नागरिकबाट नै सम्भव हुने हुनाले सार्वजनिक सम्पतीहरूको रक्षमा राज्य सगैं जनताले चासो र उत्तरदायित्व निभाउने छन् ।

समाजमा गरिने विकासमा समाजका सीमान्तकृत बर्ग र समुदायलाई विकासको मुलधारमा ल्याउदै सामाजिक न्याय र समावेशी समाज निर्माण गर्न जनसभागिता मुलक विकास नै अपरिहार्य छ । हालचलनमा रहेको ठेकेदार प्रणालीबाट सम्पन्न हुने विकासमा जनताको न त अपनत्व रहन्छ न त जनताले विकासलाई आफ्नो अधिकारको रूपमा लिन सक्दछन् । त केवल नियमित प्रक्रियाको रूपमा जनताले लिने गर्दछन् ।

जसले गर्दा जनता सधैं राज्यप्रति परनिर्भर रहने स्थिती पैदा हुन्छ । जस्तो भनौं ठेकेदार मार्फत निर्माण भएको आफ्नो अगाडि सडकमा पानी जमेर खाल्डो बन्ने र पछि त्याहाँ गाडि फस्ने स्थिती आएनी जनता सरकार नै कुरेर बसि रहन्छन तर त्यो पानी जमेको खाल्डोमा दुई ओटा ढुंगा हाल्न जाँदैनन् यदि सोहि बाटो उपभोक्ताद्धारा निर्मीत छ भने स्थिती अलि फरक हुन्छ ।

जुन ठाँउको विकास योजनाहो त्यसै ठाँउका प्रत्यक्ष रूपमा लाभ लिने उपभोक्ताहरूको समिती बनाई सोहि समिती मार्फत विकासका योजनाहरू कार्यन्वयन हुने हो भने ठेकेदार प्रणालीबाट हुने ढिला सुस्ती, मोविला जेसन फन्डको ठेकेदार मार्फत हुने रकमान्तर तथा दुरूपयोग र विकास निर्माणको क्रममा स्थानीय स्तरमा हुने विभिन्न खाले विवाद न्युनिकरण हुन्छ ।

जनताले समिती बनाई समिती मार्फत उपभोक्ताहरूले सामूहिक रूपमा अपनत्व लिई काम गर्ने हुनाले उपभोक्ताले सामूहिक रूपमा जीम्मेवार भइ काम गरिदिएको खण्डमा विकास गतिविधीमा आर्थिक पारदर्शिता कायम गर्न सकिन्छ । उपभोक्ताको सहभागिता मुलक विकास मोडल अन्तर्गत काम गर्दा मुलुकभर हजारौं योजनाहरू एकसाथ संचालन गर्न सकिन्छ ।

जस्तो भनौं, उपभोक्ता समिती गठन गरी एउटा स्थानीय तहमा कम्तीमा एउटा मात्र योजना संचालन गर्दा पनि एक साथ ७ सय ५३ ओटा योजना निर्माण सम्पन्न हुन्छ । यसै गरि दुरदराजको बस्तीमा समेत सरकारको चुस्त उपस्थिती देखिन्छ र सरकारी लामो प्रक्रियाबाट हुने ढिला सुस्तीलाई पनि यसले कम गर्न मद्दत गर्दछ । उपभोक्ताको सामुहिक सहभागीताबाट काम हुने भएकोले भ्रष्टचार र अनियमितता घट्छ ।

यसरी राज्य तहबाट गरिने विकासलाई सर्बस्वीकार्य, सर्बपहुँच र समन्यायिक बनाउन विकासको यस किसीमको प्रणालीलाई बढा वादिन राज्यले केहि नितीगत निर्णयमा हेरफेर गर्न समेत आवश्यक छ । योजना तर्जुमा प्रक्रियामा नागरिक सहभागितालाई अर्थ पुर्ण बनाउन नागरिक शिक्षा तालिम र विकासमा नागरिकको शसक्तिरण तालिम चलाउन आवश्यक रहन्छ ।

यसका अतिरिक्त संघीय शासन प्रणाली र विकासमा विकेन्द्रीकरणको सिद्धान्तले विकास कार्यमा नागरिकलाई प्रत्यक्ष सहभागी गराउन संवैधानिक र कानूनी प्रक्रिया बनेका छन् यसरी विकासमा नागरिकको भुमिका कानुनबाटै सुनिश्चित भएको विषयलाई जनतालाई सुसुचित गराउन जरूरी हुन्छ । राज्यले उपभोक्ताको क्षमता बृद्धिमा ध्यान दिन सके जनताले आफ्नो ठाँउमा हुने विकासलाई विकासलाई आफ्नो सम्पत्ती ठान्दछन् र सरकारी बजेटको सदुपयोगको साथै दिगो विकासको सुनिश्चिता हुन सक्दछ ।

*(लेखक गजुरी गाउँपालिकाको नि वर्तमान उपाध्यक्ष एवम् नेकपा एकीकृत समाजवादीको नेता हुन्)*

# श्रीमतीको मुड किन बदलिइरहन्छ ?

बिहान श्रीमान् आफ्नो कामधन्दाले घरबाहिर निस्कने बेला श्रीमतीको मुड ठीकठाक थियो । उनी फुरूंग थिइन् । साँझ घर फर्किंदा ठुस्स हुन्छिन् ।

अघिल्लो रात श्रीमती यसै उदास थिइन् । बिहान त उनी फूर्तिली देखिइन् । श्रीमानसँग कुनै विवाद भएको थिएन । विसञ्चो पनि थिइनन् । आर्थिक कुराले पनि खासै पिरोलेको थिएन । सबै ठीकठाक थियो । तर श्रीमतीको मुड किन ठीकठाक छैन ?

कहिले यसै दंग हुन्छिन्, कहिले झर्को मान्छिन् । कहिले उत्साहित हुन्छिन्, कहिले दु:खी । आखिर मौसम जस्तै किन बदलिरहन्छ श्रीमतीको मुड ?

सम्भवतः अधिकांश पुरूषको मनमा उब्जिने प्रश्न हो यो । श्रीमानको मुड त्यसरी पलपलमा परिवर्तन भएको हुँदैन । तर श्रीमतीको मुड सधैं एकनास रहँदैन । यस्तो क्षणमा श्रीमानले सोच्छन्, 'मेरी श्रीमतीको बानी नै यस्तै छ । उनी कुनबेला रिसाउँछिन्, कुनबेला खुसी हुन्छिन् थाहा नै हुँदैन ।'

यो कुनै एक महिलाको मात्र स्थिति होइन । महिलाको भावनात्मक स्थिति सधैं एकनास रहँदैन । किनभने उनीहरूको शरीर संरचना र हर्मोनको अवस्थाले महिलाहरूमा भावनात्मक उथलपुथल भइरहन्छ । यो एक महिला शरीरको जैविक प्रवृत्ति नै हो । तर हामी उनको भावनात्मक स्थितिलाई हेरेर मात्र मूल्यांकन गर्छौं, उनको शरीरभित्र कस्तो उथलपुथल छ बुझ्ने धैर्यता राख्दैनौं ।

महिनावरी चक्र, गर्भधारण, दूधका ग्रन्थीहरूको विकास जस्ता अनेक कुराले महिलाको शरीरमा मात्र होइन, भावनात्मक अवस्थामा पनि गडबडी ल्याइरहेका हुन्छन् । महिनावारीको बेलामा तथा गर्भावस्थामा महिलाको शरीरमा सेरोटोनिन हर्मोनको मात्रा घटबढ हुन्छ, जसले भावनात्मक र शारीरिक परिवर्तन हुने मनोविद् गृष्मा पनेरू बताउँछिन् ।

'महिलाको शरीरमा समय समयमा हर्मोनल परिवर्तन हुन्छ, जसले गर्दा महिलाको मुड पनि परिवर्तन हुन्छ,' उनी भन्छिन् ।

मनोविज्ञका अनुसार मन र समाजको एकदमै ठूलो नाता हुन्छ, जसलाई मनोसामाजिक भनिन्छ । हामी कस्तो वातावरणमा बसिरहेका छौं, त्यसले पनि मुड परिवर्तन गर्छ । तर विशेष महिलाहरूलाई भने हर्मोन परिवर्तनको कारणले नै यस्तो समस्या देखिन्छ । जीवनको विभिन्न समयमा महिलाको शरीरमा उथलपुथल हुन्छ । महिनावारी, गर्भावस्था, स्तनपान र महिनावारी सुक्ने बेलामा उनीहरूको शरीरमा विभिन्न हर्मोनको परिवर्तन हुन्छ, जसले गर्दा पनि उनीहरू सानो कुरामा रिसाउने र सानो कुरामा खुसी हुने पनेरू बताउँछिन् ।

महिलाहरूको मुडमा छिटो परिवर्तन आउने मुख्य कारण हर्मोनल परिवर्तन नै भएको प्रसूति तथा स्त्रीरोग तथा विशेषज्ञ डा. विशाल खनिया बताउँछन् । 'महिनावारी, गर्भावस्था, स्तनपान र महिनावारी सुक्ने बेला महिलामा धेरै शारीरिक र मानसिक परिवर्तन हुन्छ,' उनी भन्छन्, 'जसले गर्दा महिलाहरूमा धेरै मुड परिवर्तन हुन्छ । यस्तो परिवर्तन पुरूषमा नहुने भएकाले उनीहरूको मुड भने स्थिर हुन्छ ।'

### महिनावारीको कारण

महिलाहरूमा हुने मुख्य हर्मोन 'एस्ट्रोजेन' र 'प्रोजेस्टेरोन' हुन् । यी हर्मोन महिलाको अण्डाशयमा उत्पादन हुन्छन्, जसले प्रजनन् अंगको वृद्धिमा ठूलो भूमिका खेल्छ ।

महिनावारीका बेला अण्डाशयमा एस्ट्रोजेन र प्रोजेस्टेरोन हर्मोन बढी उत्पादन हुन्छ । यसले गर्भाशय बाक्लो बनाई शरीरलाई प्रजननका निम्ति तयार गर्छ । अण्डाशयमा उत्पादन भएका अण्डाहरू उर्वर भएनन् भने एस्ट्रोजेन र प्रोजेस्टेरोन हर्मोनको मात्रा घटबढ हुन्छ । जसले गर्दा महिनावारीको समयमा महिलामा मुड परिवर्तन हुने मधुमेह, थाइरइड तथा हर्मोन रोग विशेषज्ञ डा. विनय भट्टराई बताउँछन् ।

'मुड परिवर्तन भइरहने समस्या महिनावारी सुक्ने बेला ४० देखि ४५ वर्षको उमेरका महिलामा बढी देखिन्छ,' उनी भन्छिन् ।

शरीरमा एस्ट्रोजेन हर्मोनको मात्रा घट्दा यसले सेरोटोनिनको स्तरमा असर पार्छ । सेरोटोनिन भनेको मस्तिष्कमा हुने एक किसिमको रसायन हो, जसले मान्छेको मुड, सामाजिक व्यवहार, निद्रा, भोक, स्मृति, पाचन शक्ति आदिमा असर गर्छ । त्यसैले जब सेरोटोनिनको मात्रा असन्तुलित हुन्छ, महिलाको भावनात्मक र शारीरिक व्यवहारमा नौलो परिवर्तन आउने पनेरू बताउँछिन् ।

### गर्भविस्थामा पनि हर्मोनल परिवर्तन हुन्छ

विवाहित तथा अविवाहित दुवैमा यस्ता समस्या देखिन्छ । तर विवाहित महिलाहरूलाई भने यसले अलि बढी असर गरिरहेको हुन्छ । महिला विवाहित छिन् र उनको मुड परिवर्तन भएर उनी रिसाइन्, झर्किन् भने श्रीमान् तथा परिवारका अन्य सदस्यले उनको समस्या बुझ्न सक्दैनन् । रिसाउनुको कारण नै नखोजी महिलालाई नै त्यसको दोषी देख्ने गरिएको पनेरू बताउँछिन् ।

गर्भावस्था तथा डेलिभरीपछि झन् केही महिलामा 'पोस्टपार्टम डिप्रेसन' पनि देखिन्छ । यो समस्या भएका गर्भवती महिलाले एकदमै असामान्य व्यवहार



देखाउन थाल्छन् । बच्चालाई वास्ता नगर्ने, आफूलाई नै पनि वास्ता नगर्ने, झर्को मान्ने र छिटो रिसाउने जस्ता व्यवहार देखाउँछन् । नौ महिनासम्म महिनावारी भएको छैन, शरीरमा धेरै परिवर्तन भएको छ । जसले गर्दा महिलामा 'पोस्टपार्टम डिप्रेसन'हुन्छ भन्ने धेरैलाई थाहा नै नभएको पनेरू बताउँछिन् ।

कुनै पनि महिला गर्भवती हुँदा प्रोजिस्टोन भन्ने हर्मोनको लेबल एकदमै बढी छ र डेलिभरीपछि प्रोजिस्टोनको लेबल स्वाट्टै झर्‍यो भने 'पोस्पार्टम डिप्रेसन', 'पोस्टपार्टम साइकोसिस' जस्ता समस्या देखिन सक्छन् । 'एक्लै हुँदा र बच्चा भएपछि उसको व्यवहारमा नै परिवर्तन आउन थाल्छ । निद्रा बिग्रिंने, बच्चालाई बेलाबेलामा दूध खुवाइरहनुपर्ने र आफूलाई भन्दा धेरै समय बच्चालाई दिंदा उनीहरूको वस्तु स्थिति परिवर्तन र हर्मोनल परिवर्तन हुन्छ । त्यसकै कारण कसैलाई डिप्रेसन, साइकोसिस जस्ता समस्या पनि देखिन सक्ने डा. खनियाँ बताउँछन् ।

'स्तनपान गराउने बेला पनि हर्मोनको कारणले नै दूध आउने भएकाले हर्मोनको मात्रा घटबढ हुँदा दूध नै नआउने पनि हुन्छ,' खनियाँ भन्छन्, 'कुनै पनि व्यक्तिले म तनाव लिन्न भन्दाभन्दै पनि उसलाई धेरै तनाव भइरहेको हुन्छ ।'

महिलाहरूमा पनि हर्मोनल कारण र विभिन्न परिस्थितिको कारण यस्ता समस्या देखा परिरहेको हुने उनी बताउँछन् । 'उनीहरूले नचाहँदा नचाहँदै पनि यस्तो समस्या देखिन सक्छ । यो समस्या १५ प्रतिशत महिलालाई देखिन्छ भने १ देखि ३ प्रतिशतमा भने गम्भीर रूपमा नै देखा पर्छ,' खनियाँ भन्छन् ।

# मदिरा सेवनबाट कलेजो बिग्रने समस्या बढ्दो



अत्यधिक नियमित मदिरा सेवन गर्नाले कलेजो बिग्रनेको सत्त्या दैनिक बढ्दो छ । भरतपुरको मौलाकालिका अस्पतालका रेडियोलोजिष्ट डा. रमेश घिमिरेसँग जाँच गराउन आउने बिरामीमध्ये दैनिक सरदर तीन जना मदिरा सेवनका कारण कलेजो बिग्रेर आउने गर्दछन् । उनले भने, 'कलेजो बिग्रने अवस्थामा जाँदै गरेका बिरामी दैनिक छ हाराहारी आउँछन् ।'

अस्पतालमा कलेजोरोग विशेषज्ञ र मनोरोग विशेषज्ञ भएकाले यस्ता बिरामी बढी हुने गरेका छन् । यसो त यहाँका मेडिकल कलेज, सरकारी भरतपुर अस्पताल र अन्य निजी अस्पतालमा यो समस्या लिएर आउनेको सत्त्या निकै बढी हुने गरेको छ ।

उनले भने, 'फ्याटी लिभर भएका दैनिक आठ/दश जना आउँछन् । तीमध्ये ७५ प्रतिशत मदिरा सेवन गर्नेहरू हुन्छन् ।' 'फ्याटी' लिभर भएका सामान्य, मध्यम र जटिल भएर आउने गर्दछन् । उनीहरूलाई सामान्य अवस्थामा फर्काउन सकिने चिकित्सकहरू बताउँछन् । कलेजोको 'सिरोसिस' भएकालाई पूर्ववत अवस्थामा फर्काउन कठिन हुन्छ । यस्तालाई प्रत्यारोपणको विकल्प हुँदैन ।

डा घिमिरेले 'सिरोसिस' भएको बिरामीको कलेजो जुटको बोराजस्तै हुने जानकारी दिए। चितवन मेडिकल कलेजका कलेजो प्रत्यारोपण सर्जन डा सञ्जयकुमार यादवले अस्पतालमा हालसम्म प्रत्यारोपण गरिएका छ जना सबैको उच्च मदिराका कारण कलेजो काम नलाग्ने भएको बताए। तीमध्ये एक जनामा हेपाटाइटिस बी समेत देखिएको थियो । उनले भने, 'नेपालमा कलेजोमा समस्या आउने अधिकांश मदिराको कारण हो ।' लामो समयसम्म धेरै मदिरा पिउनेहरूमा कलेजोको समस्या हुने गरेको छ । धेरै मदिरा सेवन गर्नेहरूमध्ये १० देखि १५ प्रतिशतमा कलेजोको समस्या हुने उनले बताए ।

चिकित्सकका अनुसार नियमित धेरै मदिरा सेवन गर्नेका १० देखि १५ वर्षमा कलेजो बिग्रने गर्दछ । सुरूमा कलेजो खराब भए पनि बाहिर समस्या देखिँदैन । भिडियो एक्सरे र रगत परीक्षण गर्दा मात्रै समस्या देखिने डा यादवले बताए । उनले भने, 'मदिरा सेवन गर्नेहरूले नियमित भिडियो एक्सरे वा रगतको नमूना परीक्षण गराउनु पर्छ ।'

मदिरा धेरै सेवन गर्नेमा जण्डिस हुने, पेटमा पानी जम्ने, रगत वान्ता गर्ने, बेहोस हुनेजस्ता समस्या देखिने डा यादवको भनाइ छ । हेपाटाइटिस बी र सी का कारण पनि कलेजो खराब हुने गर्दछ । तौल बढी भएका, वंशाणुगत रोग हुनेहरू र कलेजोको क्यान्सर भएर पनि समस्या देखिने डा यादवले जानकारी दिए ।






# ऋषेश्वरका भक्तजनलाई निःशुल्क खानेपानी



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा रहेको प्रसिद्ध ऋषेश्वर महादेव स्थान पुगेका भक्तजनलाई निःशुल्क खानेपानी तथा प्राथमिक उपचारका स्वास्थ्य सामाग्री वितरण गरिएको छ । श्रावण महिनाको अन्तिम सोमबार ऋषेश्वरमा दर्शन तथा पुजाका लागि पुगेका भक्तजनहरूलाई थाहानगरमा सामाजिक क्षेत्रमा क्रियाशील पालुङ जेसीजले निःशुल्क पानी र औषधि वितरण गरेको हो ।

ऋषेश्वरमा मकवानपुर, धादिङ, काभ्रे, चितवन, विरगञ्ज, काठमाण्डौंलगायत भारतबाट समेत ३० साउनमा परेको महिनाको अन्तिम सोमबार भक्तजनहरू पुगेका थिए । उनीहरूलाई सवारी साधनबाट ओर्लिएपछि हिँडेर मन्दिरसम्म जानेक्रममा वा फर्कदा खानेपानीको सहज पहुँच होस भन्ने उद्देश्यले खानेपानी तथा प्राथमिक उपचारका औषधिहरू वितरण गरिएको पालुङ जेसीज वर्ष २०२२ का महासचिव निरज रायमाझीले जानकारी दिए । सो क्रममा पालुङ जेसीजले १ हजार लिटर खानेपानी निःशुल्क वितरण गरेको रायमाझीले बताए ।

त्यसैगरी थाहानगरलाई पर्यटकीय गन्तव्यको रूपमा परिचित गराउन नगर पालिकाले प्रकाशन गरेको प्रचारात्मक ब्रोसर, क्यालेण्डर पनि पालुङ जेसीजले तिर्थयात्रीहरूलाई वितरण गरेको छ ।

कार्यक्रम थाहा नगरपालिकासंगको समेत समन्वयमा भएको हो । कार्यक्रम सम्पन्न पश्चात् संक्षिप्त प्रतिक्रिया दिदै महासचिव रायमाझीले भने-'थाहा नगरपालिकाले वितरणका लागि प्राथमिक उपचारका औषधि तथा प्रचार सामाग्रीहरू उपलब्ध गरायो, हामी आभारी छौं सँधै सहकार्य र समन्वयको अपेक्षा गर्दछौं ।' "मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो' भन्ने जेसीज आस्थालाई आत्मासाथ गर्दै पालुङ जेसीजले कार्यक्रमको आयोजना गरिएको उनले बताए ।

पालुङ जेसीज वर्ष २०२२ का अध्यक्ष जयराम खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा पालुङ जेसीजका निवर्तमान अध्यक्ष नवराज लामा, वर्ष २०२२ का बोर्डका सम्पूर्ण पदाधिकारीहरूलगायतको उपस्थिती रहेको थियो । पालुङ जेसीजको सामाजिक कामप्रति मन्दिर पुगेका भक्तजनहरूले समेत खुशी व्यक्त गरेका थिए ।

हिन्दु तथा बुद्ध धर्ममा आस्था राख्नेहरू मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको ऋषेश्वरमा पुजा, आरधना तथा दर्शनका लागि पुग्ने गर्दछन् ।

# खतिवडा मकवानपुर २ मा सिफारिस

◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीले मकवानपुरको क्षेत्र नम्बर दुईबाट विरोध खतिवडालाई प्रतिनिधीसभाको उम्मेदवार बनाउँने निर्णय गरेको छ ।

पार्टी क्षेत्र नम्बर २ को बैठकले एकीकृत समाजवादीका नेता खतिवडालाई प्रतिनिधीसभा क्षेत्र नम्बर २ को उम्मेदवार बनाउँन पार्टी जिल्ला कमिटीमा सिफारिस गर्ने निर्णय गरेको हो ।

आगामी १० भदौमा बस्ने पार्टी जिल्ला कमिटीको बैठकले खतिवडाको नाम प्रदेश कमिटीमा सिफरिस गर्ने निर्णय गर्ने एकीकृत समाजवादी मकवानपुरका सचिव विष्णु दाहालले जानकारी दिए । आसन्न चुनावका लागि प्रतिनिधीसभा क्षेत्र नम्बर २ को एकीकृत समाजवादीले खतिवडाको एकल नाम सिफारिस गर्ने निर्णय लिएको हो । लगातार चार पटक चुनाव उठेर जितेका खतिवडालाई फेरि पार्टीबाट प्रतिनिधीसभामा उम्मेदवार बनाउँने निर्णय भएको हो । खतिवडा २०४८, २०५१, २०५६ र २०७४ सालमा भएको निर्वाचनमा विजयी भएका थिए ।

यस्तै, समानुपातिकमा केदार न्यौपाने, राजाराम स्याङतान र मुनु सिग्देलको नाम सिफारिस गर्ने निर्णय गरेको छ भने राष्ट्रियसभामा ललित बस्नेतको नाम सिफारिस गर्ने निर्णय भएको पार्टीले जनाएको छ । आजै बसेको प्रतिनिधीसभा २ को प्रदेश क र ख को लागि पनि उम्मेदवारको नाम सिफारिस गर्ने निर्णय गरेको छ ।

# चित्लाङमा करेन्ट लाग्दा बालक गम्भीर घाइते



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका ९ चित्लाङ खलिवनका ११ वर्षिय बालक सुदिप तामाङ लामा करेन्ट लागेर गम्भिर घाईते घाईते भएका छन् । तामाङ ११ के.भि. भोल्टेजको लाईनबाट प्रवाह भएको करेन्ट लागेर गम्भिर घाईते भएका हुन् । घाइते तामाङको किर्तिपुर स्थित वर्न्ट अस्पतालको आईसियुमा उपचार भईरहेको छ । उनको दायाँ हातको नारीबाटै चुँडिएको छ । त्यस्तै अन्य गम्भीर चोटपटक पनि लागेको छ ।

घर निजकै चङ्गा उडाएर खेल्दा पोलमा अड्केको चंङ्गा झिक्न खोज्दा २ भाद्रमा तामाङलाई करेन्ट लागेको स्थानीयले बताएका छन् । केही समय अघि मात्र निर्माण भएको ३३ हजार भोल्टको लाइनको पोल पुरै ढल्केको र तार पनि जमिनबाटै छुने अवस्थामा रहेको भएपनि पालुङ वितरण केन्द्रले लाईन चार्ज गरेपछि घटना घटेको बताइएको छ ।

पटक पटक पालुङ प्राधिकरण केन्द्रलाई सो जीर्ण लाईन मर्मत नगरी लाईन नछाड्न प्राधिकरण समक्ष गुनासो गरे पनि सुनवाई नहुँदा घटना भएको स्थानीय सानुकान्छा तामाङले बताए । 'केही समय अघिमात्र प्राधिकरणबाट निरीक्षणको लागि गाउँमा केही प्राविधिक आएका थिए, उनीहरूलाई पोल र तार व्यवस्थित नगरी लाइन नछोड्न भन्यौं, तर टेरेनन्, घटना भयो'-सानुकान्छाले भने । पहिले कुरा स्मरण गर्दै सानुकान्छाले थपे-'प्राधिकरणका कर्मचारीहरूले लाइन व्यवस्थित भए पश्चातमात्र करेन्ट छोड्ने बताएका थिए, कहिले लाइन छोडे हामीलाई थाहा भएन, यही सूचना थाहा हुन्थ्यो भने घटाना घट्ने थिएन कि, अब यसको सबै जिम्मा प्राधिकरणले नै लिनु पर्दछ ।'

प्राधिकरणले उक्त लाईन लामो समयदेखि खाली राखेको र अहिले कसैसँग समन्वय नगरी लाईन छोडेकाले दुर्घटना भएको थाहा नगरपालिका वडा नम्बर ९ का वडाअध्यक्ष राजकुमार बलामीले बताए । लाईन जिर्ण छ भन्ने जान्दा जान्दै प्राधिकरणले लाईन छोडेर गम्भिर लापरबाही गरेको बलामीको प्रतिक्रिया छ ।

यसैबीच नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रका प्रमुख बिरमान रास्कोटीले प्राधिकरणको गल्ती नभएको बताए । उनले भने-'दुर्घटना नहुनु थियो भै हाल्यो क्षतिपूर्तिको लागि पहल गर्नेछौं, कार्यालयबाट हुने सहयोग गर्छौं ।' उनले प्राधिकरणले सुचना दियरै लाइन संचालन गरेको जिकिर गरे ।






# पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको अध्यक्षमा लामा



◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा संचालित पालुङ प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको अध्यक्षमा नारायण लामा चयन भएका छन् । थाहा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष रहेका लामा प्रस्तावित १५ शैया अस्पतालको रूपमा रहेको केन्द्रको अध्यक्षमा चयन भएका हुन् ।

स्वास्थ्य केन्द्रको आयोजनामा ४ भाद्रमा भएको स्वागत तथा सम्मान कार्यक्रममा लामालाई स्वास्थ्य केन्द्रले स्वागत गरेको छ । स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको सदस्यहरूमा नवराज थापा क्षेत्री, शान्ति वि.क., उर्मिला गोपाली, मधुमाया तामाङ र डाक्टर शक्ति चौरसिया चयन भएका छन् ।

कार्यक्रमको अवसरमा यसअघिको समितिका पदाअधिकारीहरूको विदाइ गरिएको छ । निवर्तमान पदाअधिकारीहरूले गरेको योगदानको प्रशंसा कार्यक्रममा गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथी तथा थाहानगर प्रमुख विष्णु विष्टले नयाँ चयन भएका समितिलाई शुभकामना दिए । उनले नियमित सेवाको साथै कोभिड–१९ जस्तो विश्वमहामारीको रूपमा फैलिएको रोग नियन्त्रणका बखत यसअघि मेडिकल टिम तथा कर्मचारीहरूले गरेको कामको प्रशंसा गर्दै अहिलेको व्यवस्थापन टिम सहितले उक्त साख जोगाइ थप उर्जाशिल भएर काम गर्न शुभकामना दिए । यसका लागि नगरपालिकासँधै संगै रहेको धारणा राखेका थिए । विशिष्ट अतिथी एवं थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्लेले पुर्वाधार विकास देखिने विकास भएपनि स्वास्थ्य, शिक्षा जस्ता कुराहरू अदृश्य हुने तर यसले नागरिकसंग प्रत्येक्ष सरोकार राख्ने भएकोले गम्भीर भएर सेवा प्रवाह गर्न सक्षम हुनुपर्ने बताए । यसका लागि व्यवस्थापन पक्ष र कर्मचारीहरू सबैको एकजुटपनाले सफल हुन सकिने काफ्लेको भनाइ थियो ।

कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र रायमाझीले स्वास्थ्य केन्द्रले गएका कार्यकालहरूमा भएको त्रुटि भए सच्याइ अघि बढ्न सुझाव दिए । उनले गुणस्तरीय सेवा प्रवाहका लागि व्यवस्थापन र कर्मचारी दुवै पक्ष जिम्मेवार हुन आगेह गर्दै शुभकामना दिए ।

कार्यक्रममा निवर्तमान समितिको तर्फबाट शकुन्तला गुरूङ, च्वाइस नेपालका कुल प्रसाद तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमका अतिथीहरूलाई डाक्टर शक्ति चौरसियाले स्वागत गरेका थिए । कार्यक्रममा नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्र प्रमुख वीरमान रास्कोटी, इलाका प्रहरी कार्यालय पालुङका गजेन्द्र साह, निवर्तमान समितिका पदाधिकारीहरू, हालको समितिका पदाधिकारूीहरू, कर्मचारी, मेडिकल टिम लगायतकाको उपस्थिती रहेको थियो ।



कार्यक्रमको अवसरमा निवर्तमान पदाअधिकारीहरूलाई कदर पत्र र मायाँको चीनो वितरण गरिएको थियो भने अतिथीहरूलाई मायाँको चीनो वितरण गरिएको थियो ।

यसैबीच पालुङ प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको नेतृत्वमा ४ भाद्र विहान सरसफाई कार्यक्रम भएको छ । स्वागत तथा सम्मान कार्यक्रमका अतिथीहरू, कर्मचारी, स्वास्थ्यकर्मी, स्थानीय सरोकारवालाहरू लगायतको सहभागितामा स्वास्थ्य केन्द्र परिसरमा सरसफाइ गरिएको हो ।

# थाहानगर काँग्रेस सभापति जोशीलाई पितृशोक



◆ विकास संवाददाता

नेपाली काँग्रेस थाहानगर सभापति प्रमोद कृष्ण जोशीलाई पितृशोक परेको छ ।

जोशीका पिता यज्ञकृष्ण जोशीको ८२ बर्षको उमेरमा निधन भएको हो । लामो समयदेखि निमोनियाको समस्याले बयोधा अस्पताल काठमाडौमा उपचारार्थ जोशीको ४ भाद्रमा उपचारकै क्रममा निधन भएको परिवारले जानकारी दिए ।

जोशीका ४ छोराहरू रहेका छन ।

# थाहानगरमा लिटिल कृष्ण रायन र राधातर्फ स्यानडिना पुरस्कृत




◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाको शिखरकोटमा कृष्णाष्टमीको अवसरमा लिटिल राधाकृष्ण प्रतियोगिता भएको छ । शिखरकोटको कृष्णमन्दिर परिसर मा पहिलो पटक यस किसिमको प्रतियोगिता आयोजना गरिएको हो ।

बजार ब्यबस्थापन समितिको आयोजनामा भएको प्रतियोगिताको अवसर लिटिल लाखे नाच समेत भएको थियो । प्रतियोगिता अन्तर्गत लिटिल कृष्णतर्फ रिदम लामा प्रथम भएका थिए ।

त्यस्तै रायन तामाङ दोश्रो र सिमन रायमाझी तेस्रो भएका थिए । लिटिल राधा तर्फ स्यानडिना केसी प्रथम भइन् । परिस्ता बानियाँ दोश्रो र अलिसा कार्की तेश्रो भएकी थिइन् । विजयी प्रतियोगीहरूलाई क्रमशः ५ हजार ३ हजार र २ हजार नगद प्राप्त गरे भने सहभागी सबैलाई उपहार प्रदान गरिएको थियो ।

कार्यक्रममा पालुङ सास्कृतिक समूह तथा गोपाली सास्कृतिक समुहका सहभागीहरूले लिटल लाखे नाच प्रदर्शन गरेका थिए । लाखे नाच प्रदर्शन गर्नेलाई पनि नगद पुरस्कारको ब्यबस्था गरेको आयोजकले जानकारी दिएको छ ।

# थाहामा सेवा प्रभावकारी बनाउन विद्युत प्राधिकरणलाई वाईसिएलको ध्यानाकर्षण




◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र नजिकको युवा संगठन योङ कम्युनिष्ट लिग थाहानगर कमिटीले विद्युत सेवा चुस्त दुरूस्त र भरपर्दो बनाउन नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रलाई ध्यानाकर्षण गराएको छ ।

वाईसिएलका थाहानगर कमिटि अध्यक्ष मानसिंह दोङको नेत्तृत्वमा वाइसिएलले वितरण केन्द्रमा ५ बुँदे ध्यानाकर्षण पत्र बुझाएको हो । कार्यक्रममा वाईसिएलका नगर सचिव युवराव विष्टले ध्यानाकर्षण पत्र पढेर सुनाउदै वितरण केन्द्र प्रमुख बिरमान रास्कोटीलाई हस्तान्तरण गरेका थिए । ध्यानाकर्षण पत्रमा पुराना र जिर्ण पोल सुधार्नु पर्ने हाई भोल्टेज लाईनलाई व्यवस्थित गरिनुपर्ने र हाँगाविगा कटानमा ध्यान दिनु पर्ने, नागरिकलाई समय सापेक्ष सुचना उपलबध गराउनु पर्ने, थाहा ९ चित्लाङ्मा विद्युतिय दुर्घटनामा परी घाईते भई उपचाररत सुदिप तामाङको शिघ्र उपचारको व्यवस्था मिलाउनु पर्नेलगाएतका माग राखेका थिए ।

कार्यक्रममा ध्यानाकर्षण पत्र बुझ्दै वितरण केन्द्र प्रमुख रास्कोटीले लाईन सुधारलाई कार्यालयले प्राथमिकताकासाथ काम गरिरहेको र सूचनाका आधारमा देखिएका र आएका समस्यालाई तत्कालबाटै सुधारका काम शुरू गर्ने प्रतिवद्धता व्यक्त गरे ।

ध्यानाकर्षण पत्र बुझाउदै वाईसिएल टोलीले प्राधिकरणले गर्ने सुधारका काममा तथा विद्युत चुहावट नियन्त्रण र वक्यौता संकलनमा समेत वाईसिएलले सहयोग र सहकार्य गर्ने प्रतिक्रिया दिएका थिए ।

# इन्द्रसरोवरका सबै जनप्रतिनीधि स्पष्टिकरणमा


◆ विकास संवाददाता

स्थानीय तह निर्वाचनमा उमेद्वार भएका मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाका सबैजना निर्वाचन आयोगको स्पष्टिकरणमा परेका छन् । निर्वचित जनप्रतिनीधि र पारजित भएका उमेद्वारहरूले निर्वाचनमा लागेको खर्चको बिल भरपाइसहित आयोगमा नबुझाएकोले आयोगको स्पष्टिकरणमा परेका हुन् ।

खर्च विवरण नबुझाउने इन्द्रसरोवर गाउँपालिकाका ७१ जना उमेद्वार र बिलम्ब गरी बुझाउने १८ जना उम्द्वार हरू निर्वाचन आयोगको स्पष्टिकरणमा परेका हुन् । उनीहरूलाई तोकिएको समयभित्र के कति कारणले के कति कारणले खर्च विवरण बुझाउन नसकिएको हो भनी आयोगले १ भाद्रमा स्पष्टिकरण सोधेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ बमोजिम राजनीतिकदल वा उमेद्वारले निर्वाचनको अन्तिम मतपरि णाम प्रकाशित भएको ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भर पाइसहित आयोगले तोकेको कार्यालयमा विवरण पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उमेद्वारले मतपरिणाम घोषणा भएको ३० दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ नियम ४० बमोजिम उमेदवार वा निजको प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको खर्चको विवरण तोकिएको ढाँचामा मतपरिणाम घोषणा भएको ३० दिनभित्र प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानुनी व्यवस्था छ ।

कानुन अनुसार खर्च विवरण नबुझाउने उमेद्वारहरूको स्थानीय तह अनुसार निर्वाचन आयोगले १ भाद्रमा नामावली वेभसाइटमा प्रकाशन गरेको छ । खर्च विवरण नबुझाउनेहरूलाई निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को उपदफा (४) बमोजिम सफाइसहित ७ स्पष्टिकरण ७ दिनभित्र निर्वाचन कार्यालय वा निर्वाचन आयोगमा पेश गर्न सार्वजनिक सूचना गरिएको छ । सूचना अनुसार पालिकाका सबै उमेद्वारले यहि भाद्र ७ गतेभित्र जिल्ला निर्वाचन कार्यालय मकवानपुर वा प्रदेश निर्वाचन कार्यालय हेटौंडामा गई लिखित स्पष्टिकरण दिनूपर्नेछ ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## सम्पत्ति विवरण समयमै बुझाऔं जरिवानाबाट बचौं ।

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक वर्ष शुरु भएको वा सार्वजनिक पद धारण गरेको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेस गरौं ।
- भ्रष्टचारमा शुन्य सहनशिलता अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

### सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गतेदेखि २०७९ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

**डेंगी रोग डेंगी भाईरसबाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडामा पनि हुर्कन सक्दछ ।**

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

## डेंगीका मुख्य लक्षणहरू




## डेंगीबाट बच्ने उपायहरू




**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाउँहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

**थाहा नगरपालिका**
**स्वास्थ्य शाखा**
इन्द्रायणी चौर, मकवानपुर

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी